# लोक सेवा आयोग
## सुर्खेत कार्यालय
### (परीक्षा शाखा)

वीरेन्द्रनगर, सुर्खेत

**सूचना नं. : ६७/०८२-८३, मिति: २०८२/११/२३**

**राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक), हाइड्रोलजिष्ट इञ्जिनियर पदको परीक्षा भवन कायम गरिएको सूचना ।**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको **विज्ञापन नं. १७२५५-१७२५८/०८२-८३ (खुला/समावेशी)**, **नेपाल इञ्जिनियरिङ्ग** सेवा, **सिभिल** समूह, **हाइड्रोलोजी** उपसमूह, **राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक)**, **हाइड्रोलजिष्ट इञ्जिनियर** पदको लागि **सुर्खेत परीक्षा** केन्द्र राखी आवेदन दिएका मध्ये दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरूको लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

साथै, सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**परीक्षा कार्यक्रम:-**

| पत्र | विषय | खण्ड | परीक्षा प्रणाली | परीक्षा मिति | परीक्षा समय र अवधि |
|---|---|---|---|---|---|
| प्रथम | General Subject | Part I: General Awareness & General Reasoning Test<br>Part II: General Technical Subject | वस्तुगत बहुवैकल्पिक | २०८२/१२/१२ गते | बिहान ९:०० बजे (१ घण्टा ३० मिनेट) |
| द्वितीय | Technical Subject | | विषयगत | २०८२/१२/१३ गते | बिहान ९:०० बजे (३ घण्टा) |

**परीक्षा भवन:-**

| क्र.सं. | रोल नम्बर | | परीक्षा केन्द्र | उम्मेदवार संख्या |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | ६५०००१ | ६५००३१ | श्री लोक सेवा आयोग, सुर्खेत कार्यालय (परीक्षा भवन), परीक्षा केन्द्र | ३१ |

**द्रष्टब्य :-**

१. परीक्षार्थीले अनिवार्य रुपमा प्रवेशपत्र साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
२. प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले यस कार्यालयबाट अनिवार्य रुपमा परीक्षा सञ्चालन हुनुभन्दा **एक दिन अगावै प्रवेशपत्र लिइसक्नु पर्नेछ** ।
३. परीक्षार्थीले **नेपाली नागरिकताको सक्कल प्रमाण पत्र** वा **नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको कुनै परिचय-पत्र** सहित उपस्थित हुनुपर्नेछ ।
४. परीक्षा भवनमा **झोला, मोबाइल, स्मार्ट घडी** तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरू लैजान निषेध गरिएको छ ।
५. परीक्षामा **कालो मसी** भएको **कलम/डटपेन** मात्र प्रयोग गर्नु पर्नेछ ।
६. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।
७. आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

| | | |
|---|---|---|
| (बृज लाल चौधरी)<br>कम्प्युटर अपरेटर | (सरस्वती सापकोटा)<br>शाखा अधिकृत | (आनन्द पौडैल)<br>उपसचिव |